annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७१ पृष्ठ ८ | काठमाडौं, बुधबार ७ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# कुल निक्षेप ६५ खर्ब नाघ्यो, सुरक्षण १४ खर्ब

बैंक तथा वित्तीय संस्थामा भएको १७ खर्ब २७ अर्ब ३२ करोड ८५ लाख रुपैयाँ बराबरको निक्षेप तथा कर्जा सुरक्षण कोषले जोखिमबापत सुरक्षा प्रदान गरेको छ। यसमध्ये निक्षेप सुरक्षण मात्रै १४ खर्ब रुपैयाँ हाराहारी र कर्जा सुरक्षण करिब ३ खर्ब रुपैयाँ छ। कोषले निक्षेप तथा कर्जामा हुने जोखिमबापत निश्चित शुल्क लिएर निक्षेप तथा कर्जाको सुरक्षण गर्दै आएको छ। पछिल्लो समय बैंक तथा वित्तीय संस्थामा पर्याप्त पुँजी भएकाले निक्षेप रकम बढेसँगै यसको सुरक्षण पनि ह्वात्तै वृद्धि भएको छ। तर, बैंकमा लगानीयोग्य पुँजी ७ खर्ब रुपैयाँले अधिक भए पनि अपेक्षाअनुसार बैंकबाट कर्जा प्रवाह नहुँदा ऋणीको संख्यामा कमी आएको छ। यसले कर्जा सुरक्षणको आकार अघिल्लो वर्षको तुलनामा कम छ।


समाचार पृष्ठ २


**ममता थापा** | *काठमाडौं*

- को रिपोर्ट




कुन वर्ष कति निक्षेप सुरक्षण ?




## भिस्तारा एयरमा बम भएको हल्ला मात्रै



**सुनिता कार्की** | *काठमाडौं*

भारतको निजी वायुसेवा कम्पनी भिस्तारा एयरमा बम राखिएको खबर झुठा सावित भएको छ। काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विमानको सम्पूर्ण जाँचपछि उक्त खबर तथ्यहीन साबित भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए।

भारतको दिल्लीबाट काठमाडौंका लागि उडेको भिस्तारा एयर दिउँसोको ४ बजेर ३० मिनेटमा त्रिभुवन विमानस्थल अवतरणको तालिका रहेको थियो। दिल्लीस्थित इन्दिरा गान्धी एयरपोर्टबाट भिस्ताराको उडान नम्बर 'यूके १५५' भएको उक्त जहाज करिब २:३० बजे १ सय ५७ यात्रु लिएर काठमाडौं आउँदै थियो। उडेको ४५ मिनेटमा उक्त जहाजमा बम छ भन्ने खबर आएको प्राधिकरणका सूचना अधिकारी भुलले जानकारी दिए।

विस्तृत पृष्ठ ५

## पूर्वकमलरी चौधरीलाई अन्तर्राष्ट्रिय अवार्ड

**गोपाल शर्मा भट्टराई** | *दाङ*

पूर्वकमलरी उर्मिला चौधरीले अन्तर्राष्ट्रिय स्तरको अवार्ड पाएकी छन्। झन्डै १२ वर्ष साहुको घरका कमलरी जीवन बिताएकी उर्मिला कमलरी मुक्तिपछि 'मुक्ति अभियान'मा लागेकी थिइन्।

दाङको गढवाकी उर्मिला चौधरीले अमेरिकाका 'ग्लोबल एन्टि-रेसिज्म च्याम्पियन्स अवार्ड' पाएकी छन्। अमेरिकी डिपार्टमेन्ट अफ स्टेटको सन् २०२४ को 'ग्लोबल एन्टि-रेसिज्म च्याम्पियन्स अवार्ड' कमलरी अभियन्ता उर्मिला चौधरीलाई प्राप्त भएको हो। अमेरिकामा आयोजित कार्यक्रममा अमेरिकी विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले चौधरीलाई अवार्ड प्रदान गरेका हुन्।

बाल्यकालमा आफैं कमलरी बसेकी चौधरीलाई कमलरी प्रथा उन्मूलन, जातीय समानता, न्याय र मानव अधिकारको प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै यो अवार्ड दिइएको हो। 'अवार्डले मलाई विपन्न र पछाडि पारिएका समुदायका बालबालिकाका लागि काम गर्न थप हौसला दिएको छ, उनले भनिन्,



अमेरिकामा अवार्ड ग्रहण गर्दै उर्मिला चौधरी।

'यो अवार्ड म सम्पूर्ण नेपाली तथा मसँगै उद्धार भएका र कमलरी प्रथा उन्मूलनमा सहयात्रा गरेका सम्पूर्ण साथीलाई समर्पण गर्छु।'

दाङकी चौधरीसहित विभिन्न देशका ६ जना सामाजिक अभियन्ताले यो अवार्ड पाएका हुन्।

उर्मिलासँगै अवार्ड पाउनेमा घानाका दिन्ताइ सुल ताइरु, नेदरल्यान्ड्स्का जोन लिरड्याम, उत्तर म्यासेडोनियाका एल्भिस शाकजिरी, मेक्सिकोकी तान्या दुआर्त र बोलिभियाकी तोमासा यार्हुई ज्याकोमा छन्। यो अवार्ड गत वर्ष नेपालकै सरस्वती नेपालीले पाएकी थिइन्। सामाजिक कार्यकर्ताको रूपमा सीमान्तीकृत जाति, अपांगता भएका व्यक्ति र गरिबहरूको मानव अधिकारकालागि काम गरे बापत उनलाई अवार्ड दिइएको थियो।

अमेरिकी सरकारले सन् २०२३ मा स्थापना गरेको यो अवार्ड विश्वव्यापी रूपमा नागरिक समाजका व्यक्तिहरूलाई उनीहरूले गरेको उदाहरणीय र साहसिक कार्य र योगदानका आधारमा दिइने गरेको छ। विश्वकै शक्तिशाली देशले दिने अवार्ड पाउनु गौरवको कुरा भए पनि न्याय र समानताका लागि अझै धेरै काम गर्न बाँकी रहेको उर्मीलाले बताएकी छन्। 'सयौं मुक्त कमलरीको पुन:र्स्थापना हुन सकेको छैन, उनीहरूको पुन:स्थापना, न्याय र समानताका लागि लड्नु छ,' उनले भनिन्, 'यो अवार्डले अझै हौसला बढाएको छ।'

बाँकी पृष्ठ ६

## पुटिनलाई युक्रेन द्वन्द्व अन्त्य गर्न मोदीको आग्रह

**रूस** (एजेन्सी): भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार रूसमा आयोजित ब्रिक्स शिखर सम्मेलनमा राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटमा युक्रेन द्वन्द्व शान्तिपूर्ण र 'छिटो' समाधान होस् भन्ने चाहेको बताए। कजान सहरमा कडा सुरक्षाबीच आयोजित तीन दिने सम्मेलन २०२२ मा युक्रेन द्वन्द्व सुरु भएयता रूसमा भएको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय कार्यक्रम हो। सम्मेलनमा पुटिनले पश्चिमको 'प्रभुत्व' लाई चुनौती दिने उद्देश्यले गठबन्धन निर्माण गर्न खोजिरहेका छन्।

'रूस र युक्रेनबीचको द्वन्द्वबारे हामी निरन्तर सम्पर्कमा छौं', हात मिलाएर अंकमाल गरेपछि मोदीले पुटिनलाई भने, 'विवादहरू शान्तिपूर्ण रूपमा मात्र समाधान हुनुपर्छ भन्ने हाम्रो विश्वास छ, हामी शान्ति र स्थिरता छिटो बहाली गर्ने प्रयासहरूलाई पूर्ण समर्थन गर्छौं।' पुटिनले रूस र भारतबीचको 'विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी' को प्रशंसा गर्दै सम्बन्धलाई थप विकास गर्ने प्रतिबद्धता जनाए।




KATHMANDU: • MAHALA'S, Shop no. 17, #42280061, G. Floor, Bishal Bazar, New Road. • TELE TIME CENTRE, #4232327, 2st Floor, Penuts Building , Ratna Plaza, New Road. • CLUB MASTER HOME, #9860325015, Durbar Marg, Next to Hotel Annapurna. • THE ROYAL HOUSE, #9860325015, Durbar Marg, Kathmandu. • ROYAL WATCH COLLECTION PVT. LTD., #9851352724, 1st Floor, North City Mall, Samakhushi, Kathmandu.

LALITPUR: • MAHALA'S , #0015520793., Shop no. 119, Labim Mall, pulchowk, Lalitpur, BUTWAL: • NEW R. K. WATCH, #071-543268. SURKHET: • NEW RAMESH WATCH CENTER, #083-520036, Neta Chowk.

For dealership inquiry contact : SEIKO BOUTIQUE & SERVICE CENTER

• CITY TIME, Ground Floor, 1 Durbar Mall, Durbar Marg, Kathmandu.

5332475 seikoslonnepal seikosalonnepal seikosalonnepal.com

# बेलिबिज्रले जोड्यो सिन्धुली–रामेछाप

**राजन गाउँले** | *सिन्धुली*

सिन्धुलीको गोलन्जोर गाउँपालिका ७ खुर्कोट र रामेछापको मन्थली नगरपालिका ६ भलुबाजोर सेलेघाट जोड्ने सुनकोशी नदीको पक्की पुल बाढीले बगाएको २४ दिनपछि अस्थायी रूपमा सञ्चालनमा आएको छ।

गत असोज ११ र १२ गतेको अविरल वर्षासँगै आएको बाढी र पहिरोले पक्की पुल बगाएपछि नेपाली सेनाले १५ दिनमा अस्थायी मोडुलर प्यानल ब्रिज (एमपीवी) जडान सम्पन्न गरेपछि मंगलबारबाट यातायात सञ्चालनमा आएका हुन्। उत्तरी रामेछाप र दोलखा जिल्लाकै लाइफलाइनका रूपमा रहेको खुर्कोट पुल सुनकोशी नदीमा आएको बाढीले रामेछापतर्फको ५१ मिटर बगाएको थियो।

बाढीले बगाएको ५१ मिटरमा नेपाली सेनाको चौध बाहिनी अड्डा गौचर काठमाडौंको प्राविधिक टोलीले सोमबारसम्ममा एमपीवी राखेर भारवहन क्षमतासमेत मापन गरेपछि मंगलबारबाट अस्थायी रूपमा यातायातका साधन सञ्चालन गर्ने अनुमति दिइएको हो।

पुल बगाएको १५ दिनमा नै नेपाली सेनाले निर्माण सम्पन्न गरेको अस्थायी बेलिब्रिजको मंगलबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, सडक विभागका महानिर्देशक रामहरि पोखरेल, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंका प्रमुख शुभराज न्यौपाने, पुल महाशाखा प्रमुख लिलजन खनाल, सिन्धुलीका प्रमुख जिल्ला अधिकारी लीलाप्रसाद शर्मासहितको टोलीले अनुगमन तथा निरीक्षण गरेपछि यातायाताका साधन सञ्चालन गर्न दिइएको हो।



उक्त अवसरमा सिन्धुली र रामेछाप जोड्ने सुनकोशी नदीको बेलिब्रिज निर्माण कार्यमा खटिएका प्राविधिक एवं नेपाली सेनाका जवानहरूलाई भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सम्मानसमेत गरेका थिए।कार्यक्रममा मन्त्री दाहालले गत असोज १२ गतेको बाढीका कारण क्षतिग्रस्त बनेको सो पुल द्रुत गतिमा निर्माण गरी सवारी आवागमन सुचारु गराउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सेनाका प्राविधिक सहितको टोलीलाई सम्मान गरेका हुन्।

'विपत्तिका कारण अवरुद्ध भएको यातायात सञ्चालनका लागि खटिने सबै पक्ष धन्यवादको पात्र बन्नु भएको छ,' मन्त्री दाहालले भने।

नेपाली सेनाको चौध बाहिनी अड्डाको टोलीले गत असोज २२ गते बुधबारबाट एमपीवी जडानको काम सुरु गरेको हो। काम सुरु भएको नवौं दिनमा असोज ३० गते बुधबार नै बेलिब्रिज जडानको प्रारम्भिक काम सकेर दुई जिल्लालाई जोडेको नेपाली सेनाको चौध बाहिनी अड्डाका मेजर चिरञ्जीवी चौलागाईंले बताए। बनेपा-सिन्धुली-बर्दिबास (बीपी) राजमार्गसँग जोडिने खुर्कोट-मन्थली-तामाकोशी सडकअन्तर्गत एडिविको सहयोगमा निर्माण भएको खुर्कोट पुलको आधा भाग सुनकोशी नदीमा आएको बाढीले बगाएर क्षति गरेको थियो।

बाँकी पृष्ठ ६